## बकैया गाउँकार्यपालिकाको मिति २०७९।०२।२० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. बधाई, स्वागत तथा धन्यवाद ज्ञापन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकामा निर्वाचित सम्पुर्ण पदाधिकारीहरुलाई हार्दिक बधाई व्यक्त गर्दै नवनिर्वाचित कार्यपालिका सदस्यहरुलाई स्वागत गर्ने तथा सफल रुपमा निर्वाचन सम्पन्न गराएकोमा निर्वाचन अधिकृतको कार्यालय बकैया तथा निर्वाचन आयोगलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. सम्मान सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यसै बकैया गाउँपालिका वडा नं. ४ निवासी श्री बिक्रम कार्कीले यहि मिति २०७९ जेठ ७ गते विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गर्नु गाउँपालिकाकै प्रथम आरोहिको रुपमा किर्तिमान बनाउनु भएकोमा निजलाई कर बाहेक नगद रु. १०,०००।– (रुपैयाँ दश हजार मात्र) तथा सम्मान पत्रको साथ सम्मान गर्ने निर्णय गरियो ।

३. योजनाहरुको कार्यान्वयन तथा म्याद थप सम्बन्धमाः-

बकैया गाउँकार्यपालिकाको कार्यालयबाट चालु आर्थिक वर्ष २०७७।७८ मा ठेक्का मार्फत तथा उपभोक्ता समिति मार्फत संचालन गर्ने गरी सम्झौता भई सञ्चालन भईरहेका तथा खर्च गर्न सकिने किसिमका योजनाहरु जेठ ३० गते भित्र संझौता गरिसक्नुपर्ने तथा सो लगायतका तोकिएको मितिभित्र सम्पन्न हुन नसकेका विभिन्न योजनाहरुको लागि २०७८ असार १५ गते सम्ममा भुक्तानीको लागि पेश गर्ने गराउने निर्णय गरियो । साथै ठेक्का मार्फत भईरहेका योजनाहरुको द्रुत रुपमा कार्यान्वयन गर्न गराउने निर्णय गरियो ।

४. करार कर्मचारी पारिश्रमिक सम्बन्धमाः-

प्रस्तुत विषमा छलफल गर्दा करारको कर्मचारीलाई पारिश्रमिकका लागि उक्त शिर्षकमा विनियोजन गरेको बजेटबाट पारिश्रमिक उपलब्ध गराउन रकम अभाव भएकोमा तपशिल बमोजिमको शिर्षकबाट रु. २२,००,०००।- बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | पदाधिकारी अन्य सुविधा रु.७,००,०००।-<br>• कर्मचारी प्रोत्साहन रु.५,००,०००।-<br>• बेरोजगार युवा उद्यम कोष रु. १०,००,०००।- | • करार कर्मचारी पारिश्रमिक रु. २२,००,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

५. चौथो सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा मकवानपुर जिल्ला फुटबल संघबाट जिल्ला स्तरीय स्थानिय तह चौथो सहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्ड कप-२०७९ सञ्चालन गर्नका प्रस्तावना सहित

बजेट माग गरेकोमा यस गाउँपालिका चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा रहेको खेलकुद व्यवस्थापन शिर्षकबाट रु. ५,००,०००।- उक्त प्रतियोगिताको लागि विनियोजन गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**६. कृषि मेला प्रदर्शनी कार्यक्रमको बजेट रकमान्तर सम्बन्धमाः**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको कृषि मेला प्रदर्शनी कार्यक्रममा जम्मा रु. १,००,०००।– विनियोजन गरिएकोमा प्रदर्शनीको लागि उपयुक्त समयमा ओमिक्रोन भाईरसका कारण उक्त कार्यक्रम संचालन हुन नसकिएको र अहिलेको मौसममा उक्त कार्यक्रम संचालन गर्न नसकिने तथा वर्षातको मौसम शुरु हुन लागेकोमा उक्त रकम बराबरको फलफुलहरु (आँप, लिच्ची, कागती) वितरण गर्न उपयुक्त हुने हुँदा वडा नं. ५ र ८ क्षेत्रमा क्रमशः रु. ५०,०००।- बराबरको बजेट विनियोजन गरेर फलफुल खेती कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**७. अनुगमन तथा सुपरिक्षवेक्षण समति गठन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफलग गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को उपदफा १ बमोजिम बकैया गाउँपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न गाउँपालिकाका उपाध्यक्ष श्री भक्त बहादुर खत्रीको संयोजकत्वमा तपसील बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

क. श्री भक्त बहादुर खत्री संयोजक

ख. श्री लक्ष्मी माझी सदस्य

ग. श्री लोकेन्द्र माझी सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत सदस्य

ङ. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख सदस्य सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**८. फरफारक तथा जाँचपास समिति गठन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ को उपदफा १ बमोजिम बकैया गाउँपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमको फरफारक तथा जाँचपास गर्न गाउँपालिकाका अध्यक्ष श्री धर्मराज लामिछानेको अध्यक्षतामा तपसील बमोजिमको जाँचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

क. श्री धर्मराज लामिछाने (अध्यक्ष, बकैया गाउँपालिका) संयोजक

ख. श्री भक्त बहादुर खत्री (उपाध्यक्ष, बकैया गाउँपालिका) सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ. लेखा प्रमुख सदस्य

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर बागमती प्रदेश, नेपाल

Gyanendra

ङ. ईन्जिनियर — सदस्य

च. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख — सदस्य सचिव

९. विषयगत समिति गठन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाका विषयगत समितिहरु देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

क. आर्थिक विकास समिति

१. संयोजक श्री टंकध्वज लोप्चन

२. सदस्य श्री मान बहादुर सिंतान

३. सदस्य श्री राजकुमारी भोम्जन

४. सदस्य सचिव आर्थिक विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

ख. सामाजिक विकास समिति

१. संयोजक श्री गोपाल बहादुर नेसुर

२. सदस्य श्री आशिश तितुङ

३. सदस्य श्री भुमल सिं घलान

४. सदस्य सचिव सामाजिक विकास शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

ग. पूर्वाधार विकास समिति

१. संयोजक श्री विष्णु नेगी

२. सदस्य श्री कमला वाइवा

३. सदस्य श्री सावित्री सोराली

४. सदस्य सचिव पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

घ. वातावरण तथा विपद व्यबस्थापन समिति

१. संयोजक श्री सरिता माया जिम्बा

२. सदस्य श्री दिप कुमारी विश्वकर्मा

३. सदस्य श्री लक्ष्मीमाया माझी

४. सदस्य सचिव पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

ङ. संस्थागत विकास, सेवा प्रबाह र सुशासन समिति

१. संयोजक श्री विश्वराज स्याङ्तान

२. सदस्य श्री लक्ष्मी जिम्बा

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Gyanendra

३. सदस्य श्री लोकेन्द्र माझी

४. सदस्य सचिव प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी

१०. आगामी आर्थिक वर्ष २०७९।८० का लागि बजेट सिलिङ्ग तोक्ने सम्बन्धमाः-

प्रस्तुत विषयमा आगामी आर्थिक वर्षको बजेट सम्बन्धमा छलफल गर्दा प्रत्येक वडालाई आगामी आर्थिक वर्ष २०७९।०८० का लागि वडागत बजेट छनौट तथा तर्जुमा गर्ने प्रयोजनका लागि चालु आ व २०७९।८० बमोजिम नै तपशिल बमोजिमको वडास्तरीय बजेट सिमा उपलब्ध गराउने निर्णय गरियो ।

| वडा नं | वडास्तरीय बजेट सिमा |
|---|---|
| १ | ७० लाख |
| २ | ७० लाख |
| ३ | ७० लाख |
| ४ | ७० लाख |
| ५ | ७० लाख |
| ६ | ७० लाख |
| ७ | ७० लाख |
| ८ | ७० लाख |
| ९ | ७० लाख |
| १० | ७० लाख |
| ११ | ७० लाख |
| १२ | ७० लाख |
| कार्यपालिका सदस्य सरिता माया जिम्बा | २५ लाख वडा नं. १ र २ |
| कार्यपालिका सदस्य सावित्री सोराली | २५ लाख वडा नं. ४ र ७ |
| कार्यपालिका सदस्य दिप कुमारी विश्वकर्मा | २५ लाख वडा नं. ८ र ९ |
| कार्यपालिका सदस्य राजकुमारी भोम्जन | २५ लाख वडा नं. १० र १२ |
| कार्यपालिका सदस्य लक्ष्मीमाया माझी | २५ लाख वडा नं. ३ र ११ |
| कार्यपालिका सदस्य लोकेन्द्र माझी | २५ लाख वडा नं. ५ र ६ |
| जम्मा | ९ करोड ९० लाख |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

११. योजना छनौटको लागि प्राथमिकताको आधार तथा मार्गदर्शन सम्बन्धमा :-

Gyanendra

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाकाको आगामि आर्थिक वर्ष २०७९।८० को बजेट तर्जुमा गर्नु पुर्व वडा समिति तथा कार्यापालिका सदस्यहरुले सम्बन्धित वडाका टोल तथा वस्तीहरुमा गई योजना संकलन गर्न तथा वडा समितिबाट गाउँपालिकामा योजना सिफारिस गरि पठाउन तपशिल बमोजिमको योजना प्राथमिकताका आधार तथा मार्गदर्शन तय गर्ने निर्णय गरियो ।

**आ व २०७९।८० को योजना छनौटको लागि प्राथमिकताका आधार तथा मार्गदर्शनहरु**

१. साना र टुक्रे आयोजनालाई निरुत्साहित गरी नतिजा देखिने खालका ठुला आयोजना छनोट गर्नुपर्नेछ। विषेश परिस्थितिमा बाहेक कम्तिमा ३ लाख सम्मका आयोजनाहरु छनौट गर्नुपर्नेछ ।

२. वडा समितीले आयोजना छनौट गर्दा वडा भित्रका वस्तीहरुलाई भौगोलिक अवस्थीती, जनसंख्या, यातायतको सुविधा लगायतका आधारमा क्लस्टर निर्माण गरी सवै नागरिकलाई भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ।

३. वस्ती तथा टोल स्तरको आयोजना छनोटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नुपर्नेछ ।

४. वस्ती तथा टोल स्तरको आयोजना छनौटमा राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका संस्थाहरु, आमा समुहहरु, बाल क्लवहरु आदिको सक्रिय सहभागीता गराउनु पर्नेछ ।

५. वस्ती स्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रमहरुको सूची तयार पारी वडा समितीमा पेश गर्नुपर्नेछ ।

६. वडा समितीले वडा भेला मार्फत आयोजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्र समेत छुट्याइ प्राथमिकीकरण गरी गाउँकार्यपालिकामा सिफारीस गरी पठाउनुपर्नेछ ।

७. वडा समितीले आयोजनाहरु सीफारीस गरी पठाउँदा वडागत सिलिङ बाट सम्पन्न हुन नसक्ने खालका बढीमा ३ वटा ठुला आयोजनाहरु गाउँपालिकास्तरबाट संचालन र बजेट विनियोजन हुने गरी सिफारिस गरी पठाउन सक्नेछ ।

८. वडा समितिले आयोजना सिफारिस गरि पठाउँदा पुर्वाधार विकास शिर्षकमा वडागत सिलिङ रकमको कम्तिमा ५० प्रतिशत रकम हुने गरि सिफारिस गर्नुपर्नेछ ।

९. तपशिल बमोजिमका योजनाहरुलाई प्राथमिकता दिएर योजनाहरु सिफारिश गर्नुपर्नेछ ।

क. आर्थिक विकास र गरिवी निवारणमा प्रतक्ष्य योगदान पुर्याउनेयोजनाहरु

ख. छिटो प्रतिफल प्राप्त हुने खालका योजनाहरु

ग. आम्दानी र रोजगारी वृद्दि गर्ने खालका योजनाहरु

घ. आम जनताको लागत सहभागिता जुट्ने खालका योजना तथा लागत कम लाग्ने योजनाहरु

ङ. स्थानीय साधन र स्रोतको अधिकतम प्रयोग हुने खालका योजनाहरु

च. लैङ्गिक समानता तथा समावेशी विकासमा योगदान पुर्याउने किसिमका योजनाहरु

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Gyanendra

छ. दीगो विकास र वातावरण संरक्षणमा योगदान पुर्याउने किसिमका योजनाहरु

ज. स्थानीय भाषिक साँस्कृतिक विकासमा टेवा पुर्याउने किसिमका योजनाहरु

झ. यस गाउँपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु

ञ. प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु

ट. स्थानीय पर्यटन प्रवर्दनमायोगदान पुर्याउने किसिमकायोजनाहरु

ठ. चालु आ व मा सुरु गरिएका तर बजेट अपर्याप्तताको कारण सम्पन्न हुन नसकेका योजनाहरु

**१२. गाउँपालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय अनुसार गाउँ विपद् व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) विषयगत समितिका संयोजकहरु -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(च) सामाजिक महाशाखा/शाखा प्रमुख -सदस्य

(छ) पूर्वाधार विकास महाशाखा/शाखा प्रमुख -सदस्य

(ज) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(झ) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(ञ) नगर प्रहरी प्रमुख -सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका/नगरपालिकास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना)-सदस्य

(ढ) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Gyanendra

साथै देहाय बमोजिम वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय रेडक्रस, -सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लबबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना -सदस्य

वडा सचिव - सदस्य सचिव

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

साथै देहाय बमोजिम वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो ।

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय रेडक्रस, -सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लव बाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना-सदस्य

(ज) वडा सचिव - सदस्य सचिव

१३. बजेट संशोधन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसील बमोजिमका योजनाहरु संशोधन गरि कार्यान्वयन गर्ने गराउने तथा आगामी गाउँसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

| साविक योजना | संशोधित योजना |
|---|---|
| चालु तर्फ<br>• यूवा तथा महिला स्वरोजगार रु. २,५०,०००।–<br>• माटो परिक्षण कार्यक्रम रु. ८०,०००।–<br>• स्वास्थ्य/सहकारी सम्वन्धी कार्यक्रम रु. १,७०,०००।- | • अध्यक्षसँग युवा कार्यक्रम (कृषि उद्यमशीलता विकास सम्वन्धी अभिमूखिकरण कार्यक्रम) रु. ५,००,०००।– |
| • कृषकहरुलाई उत्कृष्ट व्यवसायिक उत्पादनमा प्रोत्साहन पुरस्कार वितरण कार्यक्रम रु. २,००,०००।- | • पशुहरुको दुर्घटना जोखिम न्यूनिकरण पशु विमा संचालन रु. २,००,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

| | |
|---|---|
| पुंजीगत तर्फ<br>• जुरेली कभर्ड हल रु. ८,००,०००।-<br>• नापी नक्सा रु. १२,००,०००।- | • वडा नं. ५ प्रतिक्षालय निर्माण रु. २,००,०००।-<br>• ठिंगन मन्थली सडक खण्ड, निगाले कोलखोप सरसफाई योजना रु. ३,००,०००।-<br>• कालीदमार सिरानटोल खहरे नियन्त्रण रु. ५,००,०००।-<br>• वसन सडक सुधार योजना रु. १,००,०००।-<br>• माथिल्लो भिरकोट सडक सुधार योजना रु. ५०,०००।-<br>• गैरीगाउँ विद्युत विस्तार योजना रु. १,००,०००।-<br>• वडा नं. २ विद्युत विस्तार योजना रु. १,००,०००।-<br>• खानेपानी पाईप खरिद<br>• रु. १,५०,०००।-<br>• तामाखोला पदयात्रा पुल रु. ३,००,०००।-<br>• तिनघरे मोटर बाटो ज्ञान वहादुर मोटर बाटो रु. २,००,०००।- |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner